**नगरपरिषदबाट देहाय बमोजिमका निर्णयहरु अनुमोदन गरियो :**

१. सिद्धार्थनगर नगरपालिका कार्यालयको आर्थिक बर्ष २०६८।०६९ को स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरुको तलबी प्रतिवेदन पाना थान ७ (सात) को विवरण अनुसार तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

२. राजस्व परामर्श समितिको मिति २०६७।०५।०४ तथा २०६७।१०।२७ गतेको बैठकबाट पारित निर्णय र राजस्वका सम्भाव्यताका बारेमा दिईएका राय सल्लाह, सुझाव बारे जानकारी भयो।

३. नगरपालिकाको श्रोत परिचालन तथा सम्भाब्यता अध्ययन गर्न र राजस्व प्रक्षेपणका लागि विज्ञ हेम शर्मा पोखरेलको मिति २०६७।०७।१५ को अध्ययन प्रतिवेदन बारे ब्यापक रुपमा छलफल गरी सुझाव अनुसार राजस्व प्रक्षेपण एवं कर, दस्तुर, शुल्क परिमार्जन गर्दै जाने निर्णय गरियो । साथै उक्त श्रोत परिचालन तथा सम्भाब्यता अध्ययन पारित गरियो ।

४. सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०६६।०६७ को अन्तिम लेखा परीक्षण गरी रजिष्टर्ड लेखापरिक्षक शिव कुमार एण्ड कम्पनीको मिति २०६८।०२।१९ मा पेश गर्नु भएको प्रतिवेदन माथि छलफल गरी निम्नानुसार गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

(क) आर्थिक बर्ष २०६८।०६९ भित्र प्रोदभावी लेखा प्रणाली (Corporate Accounting System) मा लेखाको कारोबार गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ख) धरौटी खाताबाट सापटी दिने व्यवस्था अन्त गर्ने र धरौटी खाताबाट दिईएको सापटी फिर्ता माग गर्ने ।

(ग) उपभोक्ता समितिबाट निर्माण गरिएका योजनाहरु सार्वजनिक गराई उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत सम्भार समेतको जिम्मेवारी दिने ।

(घ) विगतका बाँकी पेश्कीहरु सक्रियता साथ फछ्र्यौट गर्न आवश्यक पहल गर्ने ।

(ङ) अन्य राय, सल्लाह र सुझावहरु पालना गर्ने ।

(च) नगरपालिकाद्वारा दिइएको आर्थिक सहायता । अनुदान बारे जानकारी लिई आजका मितिसम्म दिएको सहयोगहरु अनुमोदन गरियो ।

५. आर्थिक बर्ष २०६४।०६५ तथा २०६५।०६६ सम्म बाँकी रहेको धरौटी रकम नियमानुसार सदरस्याहा गर्ने ।

६. पदपूर्ति समितिको मिति २०६८।३।६ गतेको बार्षिक प्रतिवेदन जानकारी लिई अनुमोदन गरियो ।

७. नगरपालिकाको कर्मचारी दरबन्दी विवरण पाना थान १ तथा संगठन तालिका संशोधन गरी देहाय पाना १ पारित गरियो ।

८. नगरपरिषदबाट स्वीकृत दरबन्दी अन्तर्गतका पदहरुमा न.पा.लाई आवश्यक परेका पदहरु सेवा करारद्वारा पूर्ति गर्ने निर्णय गरियो ।

९. नगर क्षमता विकास कार्यविधी २०६६ बमोजिम यस आ.ब.मा भए गरेका काम कारवाही अवगत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

१०. एकिकृत सम्पत्ती कर सम्बन्धी कार्यविधी बनाई एकिकृत सम्पत्तीकर लागु गर्दै जान नगरपालिकालाई निर्देशन दिने ।

११. नगरपालिकाको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०६७ पारित गर्ने निर्णय गरियो।

१२. यस नगरपालिकाको सूचना प्रणाली तथा तथ्यांक संकलन निर्देशिका २०६७ पारित गर्ने निर्णय गरियो ।

१३. आ.ब. २०६८।०६९ मा संचालन हुने गरिबी न्युनीकरण गुरुयोजना (रणनीतिक योजना) र जग्गा विकास गुरुयोजना स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

१४. नगरपालिका बैठकबाट स्वीकृत आ.ब. २०६८।०६९ को खरिद योजना तथा कार्यक्रम अनुमोदन गरियो ।

१५. नगर परिषदबाट स्वीकृत योजनाहरु संचालन गर्नका लागि तयार गरिएका बार्षिक कार्यतालिका आ.ब. २०६८।०६९ स्वीकृत गर्ने निर्णय गरियो ।

१६. नगरपालिकाबाट स्वीकृत गरिएको संगठन क्षमता विकास योजना स्वीकृत गर्ने निर्णय गरियो।

१७. नगरपालिकाबाट तयार गरी पेश हुन आएका प्रकोप व्यवस्थापन योजना (आ.ब. २०६८।०६९) का लागि स्वीकृत गर्ने निर्णय गरियो ।

१८. गत आर्थिक बर्ष र चालु बर्षमा संचालन भई सम्पन्न भएका २३ वटा आयोजनाहरुको अनुसार जाँचपास तथा फरफारक भएका योजनाहरु अनुमोदन गरियो ।

१९. पशु वधस्थल तथा मासु बिक्री वितरण व्यवस्थापन गर्ने निर्देशिका २०६७ पारित गरियो ।

२०. सि.न.पा. वडा नं. ७ बस्ने विज्ञ डा. गितु गिरीबाट पेश भएको नगर प्रोफायल जानकारी भयो ।

२१. भवन निर्माण तथा नक्शा पास सम्बन्धि अध्यावधिक मापदण्ड कार्यविधी २०६७ लाई परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

२२. निम्न बमोजिमका अद्यावधिक विषयगत क्षेत्र गुरु योजनालाई परिमार्जन सहित लागु गर्ने निर्णय गरियो ।

(क) सतह ढल Storm water drainage गुरु योजना ।

(ख) जग्गा विकास गुरुयोजना ।

(ग) गरिबी न्युनीकरण गुरुयोजना, रणनीतिक योजना ।

२२. (१) श्री शहरी विकास तथा भवन निर्माण विभागको अगुवाईमा परामर्शदाता श्री ए नट आर्किटेक्चर एन आर्किटेक्सले यस नगरपालिकाको आवधिक योजना सबै सम्बन्धित सरोकारवालाहरुको संलग्नतामा तयार गरिएकोमा उक्त आवधिक योजनाको अन्तिम प्रतिवेदनलाई सिद्धार्थनगर नगरपालिकाको आवधिक योजनाको रुपमा अंगिकार गर्दै आगामी बर्षहरुमा न.पा.को बार्षिक कार्यक्रम तय गर्दा यसै आवधिक योजनामा आधारित रहेर गर्ने गराउने निर्णय गरियो ।

२३. नगरपालिकाद्वारा संचालन गरिने जनकपथ उत्तर दक्षिणको सतहढल र रबिपथ उत्तर दक्षिण, दुर्गा मन्दिर विद्युत प्राधिकरण सम्मको सतहढल निर्माणको पूर्व सम्भाव्यता अध्ययनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२४. उपभोक्ता समितिद्वारा निर्मित सबै आयोजनाहरुमा प्रति उपभोक्ता प्रतिफुट मोहडामा रु. ५०।- का दरले उपभोक्ता समितिको मर्मत सम्भार कोषमा जम्मा गरी सोही कार्यक्रममा

खर्च गर्ने उपभोक्ता समितिसंग सम्झौता गरी योजना कार्यान्वयन गर्ने र घर नक्शा पास गर्दा प्रत्येक घरनक्शाबाट रु. ५००।- का दरले मर्मत सम्भार शुल्क लगाउने र सो रकम मर्मत सम्भार कोषमा जम्मा गरी सोही कार्यमा खर्च गर्ने ।

२५. स्थानीय स्वायत्त शासन नियमावली बमोजिम गठित बिषयगत समितिलाई यथावत राख्ने निर्णय गरियो ।

२६. यस कार्यालयका बरिष्ठ इन्जिनियर शैलेन्द्र प्रसाद श्रेष्ठले प्रयोग गरेको लु.४प ५४२९ नम्बरको हिरोहोण्डा स्पलेण्डर कालो रंगको मोटरसाईकल हराएकोले खोजीको लागि २०६६।१।२२ मा जिल्ला प्रहरी कार्यालयसंग पत्राचार गरिएको र मिति ..... फेला नभएको पत्र प्राप्त भएकोले उक्त हराएको मोटरसाईकल मिनाहा गर्ने निर्णय गरियो ।

२७. अद्यावधिक कर्मचारी कल्याण कोष विनियमावली २०६७ लाई परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

२८. बिषयगत समितिबाट प्राप्त निर्णयहरु अनुमोदन गरियो ।

**नगरपरिषदबाट पारित नीतिहरु :**

१. विद्यमान गरिबीको अवस्थालाई न्यूनीकरण गर्न विभिन्न कार्यक्रम गरिने छ ।

२. फोहरमैला व्यवस्थापन तर्फ निजी क्षेत्रलाई प्रोत्साहन गर्दै जनचेतना मूलक कार्यक्रम संचालन गरि फोहरलाई स्थायी रुपमा विसर्जनका लागि डम्पिङ्ग साइडको लागि जग्गा खरिद प्रकृया अगाडि बढाइएको छ ।

३. वातावरण संरक्षण तथा प्रकोप व्यवस्थापन सम्बन्धि कार्यक्रम अघि बढाईने छ ।

४. निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भारका लागि कोषको व्यवस्था गरिएको छ ।

५. कृषि सडक कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

६. महिला, बालबालिका तथा सबै जातजातिका विपन्न वर्गलाई लक्षित गरी विशेष कार्यक्रमहरु ल्याइने छ ।

७. भौतिक पुर्वाधार विकास कार्यक्रमलाई आगामी आ.ब.मा पनि प्राथमिकताका साथ अगाडी बढाइने छ ।

८. लागत सहभागितालाई विशेष प्राथमिकता दिई ६०।४० को कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९. सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई निरन्तरता दिदै लगिने छ ।

१०. नगरलाई हरियाली बनाउन र वातावरणीय सुधार पुराउन नक्सा पास गर्दा नै एक घर २ रुख अनिवार्य रुपमा रोप्न लगाउने नीतिलाई निरन्तरता दिइने छ ।

११. स्वास्थ्य सुविधाको पहुँचबाट टाढा रहेका नगरवासीलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन जिल्ला जनस्वास्थ्य कार्यालयको सहयोगमा वडा नं. ४, १० र ११ लाई पायक पर्ने गरि वडा नं. १० मा शहरी स्वास्थ्य केन्द्र स्थापना गरिएको र आगामी आ.ब.मा समेत थप विस्तार गर्ने नीति लिइएको छ ।

१२. सभागृह, अतिथी गृह, बसपार्क संचालन गर्ने कार्यमा निजी क्षेत्रलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१३. नगरपालिकाको संस्थागत क्षमता विकास बढाउन सेवा प्रवाहको स्तरमा चुस्तता एवं गुणस्तर बृद्धिको लागि विशेष ध्यान दिन खोजिएको छ । सुशासनलाई बढावा दिन विधीको शासनको अवधारणा अनुरुप केही विनियम तथा निर्देशिकाहरु बनाई कार्यक्रम लागु गरिने छ ।

१४. चिल्ड्रेन पार्क र पंचवाटीका संचालन गर्ने कार्य समेत निजी क्षेत्रलाई सहभागी गराई व्यवस्थित पारिनेछ ।

१५. सुचनाको हकको सम्मान गर्दै नगरवासीहरुलाई नगरपालिका र नगरपरिषदबाट पारित प्रत्येक दस्तावेज एवं अन्य कागजात पारदर्शि बनाउनुका साथै न.पा.को चौमासिक आय व्यय प्रगती एवं गतिविधिहरु स्थानीय पत्र-पत्रिका तथा एफ एम मार्फत सार्वजनिक गरि सुचना शाखालाइ चुस्त राखिने छ ।

१६. लेखा, जिन्सी व्यवस्थापन, घरजग्गा कर र राजस्व व्यवस्थापनलाई कम्प्युटरकृत प्रविधि अपनाई आधुनिकीकरण गरी व्यवस्थित र पारदर्शी सेवा नगरवासीलाई उपलब्ध गराइने छ ।

१७. नगर विकास कोषको अनुदान सहयोगमा बुद्धचोकदेखि, मैत्रीपथ हुँदै हाटबजार सम्म फुटपाथ निर्माण र ढल व्यवस्था मिलाउने कार्य पनि शुरु गरिनेछ ।

१८. श्रोत परिचालनको योजनावद्ध कार्यान्वयन गर्न सके मात्र राजस्व परिचालन प्रभावकारी हुन सक्ने हुँदा निजी क्षेत्रसंग साझेदारी गरी राजस्व अभिबृद्धि गर्न सहकार्यको नीति अघि बढाईएको छ ।

**मिति २०६८।३।१९ गतेको सि.न.न.पा. बोर्ड बैठकको निर्णय :**

- श्री शहरी विकास तथा भवन निर्माण विभागको अगुवाईमा परामर्शदाता श्री ए-नट "आर्किटेक्चर एन आर्किटेक्ट्स"ले यस सिद्धार्थनगर नगरपालिकाको आवधिक योजना नगरपालिका तथा सम्बन्धित सरोकारवालाहरुको संलग्नतामा तयार गरिएकोमा उक्त आवधिक योजनाको अन्तिम प्रतिवेदनलाई सिद्धार्थनगर नगरपालिकाको आवधिक योजनाको रुपमा अङ्गिकार गर्दै आगामी बर्षहरुमा नगरपालिकाको बार्षिक कार्यक्रमहरु तय गर्दा यसै आवधिक योजनामा आधारित रहेर गर्ने गराउने निर्णय गरियो ।

**भौतिक पूर्वाधार तर्फका नीतिहरु :**

- नगरको समग्र विकासमा नगरपालिकाको सिमित साधन र श्रोत मात्रै अपर्याप्त हुने हुँदा नगरवासीको लगत सहभागिता समेत रहने गरी ६०।४० का योजनाहरुलाई प्राथमिकता दिइने छ ।
- योजनाहरु छनौट गर्दा आवधिक पंच बर्षिय योजनाले निर्दिष्ट गरेका र नगरवासीले वडा स्तरिय भेलामा रोजेका योजनाहरुलाई प्राथमिकता दिने नीति अवलम्बन गरिने छ ।
- सार्वजनिक निजी साझेदारी (PPPUE) कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गरिबी न्यूनीकरण कार्यक्रम अन्तर्गत विपन्न गरिबहरुको आय आर्जन हुने कार्यक्रममा जोड दिइने छ ।
- नगरको डुबान समस्याको स्थायी समाधानका लागि सतह ढल व्यवस्थापनलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।
- फोहरमैला व्यवस्थापन कार्यक्रम अन्तर्गत फोहरलाई श्रोतमै न्युनिकरण, वर्गिकरण, पुनः प्रयोग, पुनः निर्माण गरी जैविक फोहरबाट कम्पोष्ट मल बनाउन जनचेतनामुलक कार्यक्रम संचालन गर्ने र फोहरको अन्तिम निष्कासन (Landfill site) का लागि जग्गा खरिद गर्ने ।

- सार्वजनिक, जमिन, पोखरी संरक्षण कार्यक्रमको लागि ।
- संस्थागत विकास (OD) को लागि बजेट छुट्याउनु पर्ने (कम्तीमा २ लाख)
- E-Attendense को Software बनाउन रु. ८०,०००।-
- खरिद योजना तालिम + आन्तरिक लेखा परीक्षक तालिम रु. १,५०,०००।-
- सडक बत्ती मर्मतको लागि सिढी १ थान रु. ३५,०००।-
- बसपार्कको बत्ति मर्मतको लागि ट्रली बनाउन रु. ५०,०००।-
- कार्यालय अगाडी मोटरसाइकल स्टैण्ड निर्माण गर्नु पर्ने कर्मचारीहरुको लागि ।
- विभिन्न कार्यविधी, निर्देशिका बनाउन रु. १,५०,०००।- ।
- ब्रोसर, नगर प्रोफाइल छपाई रु. १,००,०००।-

- पदपूर्ति समितिको मिति २०६८।३।६ गतेको बार्षिक प्रतिवेदन जानकारी लिई अनुमोदन गरियो ।
- नगरपालिकाको कर्मचारी दरबन्दी विवरण पाना १ तथा संगठन तालिका पाना १ संशोधन गरी देहाय पाना १ पारित गरियो ।
- नगर परिषद्‌बाट स्वीकृत दरबन्दी अन्तरगतका प्राविधिक पदहरुमा न.पा.लाई आवश्यक परेको सेवा करारद्वारा कार्य गराउने निर्णय गरियो ।
- नगर क्षमता विकास कार्यविधी-२०६६ बमोजिम यस आ.ब.मा भए गरेका काम कारवाही अवगत गरी अनुमोदन गर्ने निर्णय गरियो ।
- न.पा.को स्वीकृत दरबन्दी अनुसारको बरिष्ठ इन्जिनियर १, बरिष्ठ अधिकृत २ पदमा तथा स्थानिय स्वायत्त शासन नियमावली चौथो संशोधनको नियम २२५ (ख) बमोजिम विभिन्न पदमा भएको बढुवाबारे जानकारी लिई अनुमोदन गरियो ।
- न.पा.को  कर्मचारी सेवा शर्त सम्बन्धी २०६७ विनियमावली पारित गर्ने निर्णय गरियो ।
- न.पा.को राजश्व बृद्धिमा सहयोग पुग्ने गरी तयार पारिएको नगरपालिकाको श्रोत परिचालन सम्भाव्यता अध्ययन २०६७ पारित गर्ने निर्णय गरियो ।
- यस नगरपालिकाको सूचना प्रणाली तथा तथ्यांक संकलन निर्देशिका-२०६७ पारित गर्ने निर्णय गरियो ।

- कार्यालयको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन (विकास) गरी कार्यालयबाट नगरवासीहरुलाई छिटो छरितो ढंगले सेवा प्रवाह गर्ने ।
- दक्ष जनशक्ति उत्पादनको लागि कार्यरत कर्मचारीहरुलाई आवश्यक पर्ने तालिमहरुको व्यवस्था मिलाउने ।
- नगरवासीहरुलाई दिइने सेवामा प्रभावकारीता ल्याउनको लागि प्रत्येक शाखा/उपशाखालाई कम्प्युटरकृत गरी नेटवर्किङ्गको व्यवस्था मिलाउनु पर्ने र साथै आवश्यक पर्ने सफ्टवेयरहरु जडान गर्नु पर्ने ।
- नगरका सार्वजनिक जग्गा जमिन, पोखरी लगायतका सार्वजनिक स्थलहरुको संरक्षणको लागि आवश्यक व्यवस्था मिलाउने ।
- नगरपालिकाको आन्तरिक कार्य संचालनमा आवश्यक पर्ने निर्देशिका, कार्यविधीहरु बनाउनु पर्ने ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुको लागि E-Attendent हाजिरी प्रणाली लागु गर्नु पर्ने ।